PRABHU BANK
(नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था)

प्रभु बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय : बबरमहल, काठमाडौं, नेपाल
फोन : ९७७-१-४७८८५००, फ्याक्स : ९७७-१-४७८०५८८
इमेल : info@prabhubank.com
वेबसाइट : www.prabhubank.com
**SWIFT:** PRVUNPKA

च.नं.१०६९/०७८/०७९

मिति : २०७८/८/२३

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
भद्रकाली, युएनआई शान्तीमार्ग, काठमाडौं ।

विषय : साधारण सभाको जानकारी तथा शेयर दाखिल खारेजको कार्य बन्द (बुक क्लोज) गर्ने सम्बन्धमा ।

महाशय,
उपर्युक्त सम्बन्धमा यस बैंकको मिति २०७८/८/२२ गते बसेको सञ्चालक समितिको दुई सय एकतीसौं बैठकले बैंकको बीसौं बार्षिक साधारण सभा मिति २०७८/९/१८ गते बोलाउने निर्णय गरेको व्यहोरा अनुरोध गर्दै बार्षिक साधारण सभा सम्बन्धी संलग्न नमुना बमोजिमको सूचना मिति २०७८/८/२४ गतेको अन्नपुर्ण पोष्ट दैनिक र मिति २०७८/८/२५ गतेको राजधानी दैनिकमा प्रकाशन गरिने व्यहोरा अनुरोध गर्दछु ।

**सूचना सम्प्रेषण विवरण :**

१. नगद लाभांश : आ.व.२०७७/०७८ मा कायम चुक्ता पूँजी रु.११,३४,७०,५७,२९९/- को ०.६३ प्रतिशतले हुने रकम रु.७,१६,६५,६२५/- कर प्रयोजनका लागि ।

२. वोनस शेयर : आ.व.२०७७/०७८ मा कायम चुक्ता पूँजीको १२ प्रतिशतले हुने रकम रु.१,३६,१६,४६,८७६/- बराबरको वोनस शेयर

३. हकप्रद शेयर : नभएको

४. शेयर दाखिल खारेजको कार्य बन्द (बुक क्लोज) हुने मिति : २०७८/९/४ गते १ दिन

५. बार्षिक साधारण सभा हुने मिति, स्थान र समय : मिति २०७८/९/१८ गते बिहानको ११:०० बजे बैंकको केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं ।

**भवदिय,**

अमित भण्डारी
कम्पनी सचिव

PRABHU BANK
Head Office

**बोधार्थ :**

१. श्री कम्पनी रजिष्ट्रारको कार्यालय,
त्रिपुरेश्वर, काठमाडौं ।

२. श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।

३. श्री सिडिएस एण्ड क्लियरिङ लिमिटेड,
पुतलीसडक, काठमाडौं ।

४. श्री प्रभु क्यापिटल लिमिटेड,
कमलादी, काठमाडौं ।

# प्रभु बैंक लिमिटेड

बबरमहल, काठमाडौं

## बीसौं बार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

आदरणिय शेयरधनी महानुभावहरु,

मिति २०७८ साल मंसिर २२ गते बसेको सञ्चालक समितिको दुई सय एकतीसौं बैठकको निर्णय बमोजिम यस **प्रभु बैंक लिमिटेड**को बीसौं बार्षिक साधारण सभा देहायको मिति, स्थान र समयमा निम्नलिखित बिषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले शेयरधनी महानुभावहरुको उपस्थितिको लागि अनुरोध छ ।

**सभा हुने मिति, स्थान र समय** :

**सभा हुने मिति : २०७८ साल पौष १८ गते आईतवार (तदनुसार सन् २०२२ जनवरी २ तारेख)**

स्थान : **बैंकको केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं ।**

समय : **बिहानको ११:०० बजे ।**

**(विश्वभर महामारीका रुपमा फैलिएको कोभिड -१९ को जोखीमलाई मध्यनजर गर्दै नेपाल सरकारले स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड अपनाउन तथा भिडभाड नगर्नका लागि गरेको आग्रह बमोजिम निश्चित मात्रामा शेयरधनीहरु बार्षिक साधारण सभा गर्ने स्थानमा प्रवेश गर्न सक्ने भएकाले शेयरधनीहरुको अधिक उपस्थितिका लागि भर्चुअल माध्यमबाट समेत उपस्थित गराउने व्यवस्था गरिएको छ) ।**

छलफलका प्रस्तावहरु :

(क) सामान्य प्रस्ताव :

१. आ.व.२०७७/०७८ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व.२०७७/०७८ को वासलात, नाफा-नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने ।

३. यस बैंकको सहायक कम्पनी प्रभु क्यापिटल लिमिटेडको आ.व.२०७७/०७८ को वित्तीय विवरण सहितको एकिकृत (Consolidated) वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने ।

४. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व.२०७८/०७९ का लागि लेखापरीक्षण समितिको सिफारिश बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।

५. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०७७/०७८ मा कायम चुक्ता पूँजी रु.११,३४,७०,५७,२९९/- को ०.६३ प्रतिशतले हुने रु.७,१६,६५,६२५/- (रु.सात करोड सोह्र लाख पैंसट्ठी हजार छ सय पच्चीस मात्र) कर प्रयोजनका लागि नगद लाभांश वितरण गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।

(ख) विशेष प्रस्ताव :

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०७७/०७८ मा कायम चुक्ता पूँजी रु.११,३४,७०,५७,२९९/- को १२ प्रतिशतले हुने रु.१,३६,१६,४६,८७६/- (रु.एक अर्व छत्तीस करोड सोह्र लाख छयालीस हजार आठ सय छयहत्तर मात्र) बराबरको वोनस शेयर वितरण गर्ने तथा वोनस शेयर वितरणका कारणले बैंकको अधिकृत, जारी तथा चुक्ता पूँजी वृद्धि सम्बन्धी प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।

२. बैंकले अन्य बैंक तथा वित्तीय संस्थाहरु गाभ्ने/गाभिने, प्राप्ति (एक्विजिसन) तथा खरिद सम्बन्धी प्रक्रिया अगाडी बढाउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

३. बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कन (Due Diligence Audit DDA) गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने तथा गाभ्ने/गाभिने, प्राप्ति (एक्विजिसन) तथा खरिद सम्बन्धी समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्न र सो सम्बन्धी आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

४. प्रबन्धपत्र, नियमावलीका बिभिन्न दफा/नियम संसोधन गर्ने ।

५. प्रबन्धपत्र, नियमावलीमा गरिने संशोधन उपर नियमनकारी निकाय वा कार्यालयबाट प्राप्त हुने निर्देशन बमोजिम प्रबन्धपत्र, नियमावलीमा संशोधन एवं परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

६. विविध ।

PRABHU BANK
Head Office

सञ्चालक समितिको आज्ञाले

अमित भण्डारी

कम्पनी सचिव

साधारण सभा सम्बन्धी अन्य जानकारी :

१. सभामा भर्चुअल माध्यमबाट मन्तव्य राख्न चाहाने शेयरधनी महानुभावहरुले prabhuagm2078@prabhubank.com मा ईमेल गरी वा ०१४७८८५०० मा सम्पर्क गरी सभा सुरु हुनुभन्दा ४८ घण्टा अगावै आफ्नो नाम र ईमेल ठेगाना टिपाउनु पर्नेछ । भर्चुअल माध्यमबाट उपस्थित हुने शेयरधनी महानुभावहरुलाई Meeting ID/Passcode उपलब्ध गराई सभामा सहभागी हुने व्यवस्था मिलाईने छ ।

२. सभा शुरु हुनुभन्दा एक घन्टा अगाडिनै भर्चुअल माध्यम खुल्ला गरिनेछ । उक्त एक घण्टाको समयभित्र सभामा सहभागी हुने शेयरधनी महानुभावहरुले दिईएको ID/Passcode को माध्यमबाट Login गरी आफ्नो परिचय, डिम्याट खाता नं. र शेयर संख्या सहित उपस्थितिको जानकारी सभालाई दिनु पर्नेछ ।

३. शेयरधनी महानुभावहरुको सुविधाका लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन बिहान १०:०० बजेदेखि खुल्ला रहनेछ । विश्वभर महामारीकारुपमा फैलिएको कोभिड -१९ को जोखीमका कारण सभामा उपस्थित हुँदा २ मिटरको सामाजिक दुरी कायम हुनेगरी हाजिरी तथा सभा स्थलमा बस्ने व्यवस्था गरिएको हुँदा कोभिड -१९ को संक्रमणबाट बच्न, बचाउनका लागि आवश्यक पर्ने मास्क लगायतका न्युनतम सुरक्षाको उपकरणहरु प्रयोग गर्न सम्पूर्ण शेयरधनी महानुभावहरुलाई अनुरोध गरिन्छ ।

४. बैंकको शेयरधनी दर्ता किताबमा नाम दर्ता भएका शेयरधनीहरुले आफैं वा प्रतिनिधि मार्फत सभामा भाग लिन र छलफलमा सहभागि हुन पाउने छन् । नाबालक शेयरधनीहरुको तर्फबाट नाबालकको संरक्षक वा निजले नियुक्त गरेको प्रतिनिधिले सभामा भाग लिन र छलफल गर्न सक्नेछन् । शेयरधनीहरुको दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ ।

५. संयुक्तरुपमा एकजना भन्दा बढी व्यक्तिको नाममा शेयर लिएको अवस्थामा त्यस्ता साझेदारहरुद्वारा मनोनित साझेदार वा निजहरुले मनोनित गरेको प्रतिनिधिले र सो बमोजिम कुनै साझेदार मनोनित नगरेकोमा शेयरधनीहरुको दर्ता किताबमा जसको नाम पहिले उल्लेख भएको छ सोहि व्यक्तिले साधारण सभामा भाग लिन पाउनेछ ।

६. सभामा भाग लिन र छलफल गर्नका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले बैंकको अर्को कुनै शेयरधनीलाई मात्र प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्नेछन् ।

७ प्रतिनिधि (प्रोक्सी) नियुक्त हुने शेयरधनीले सभा सुरु हुनु भन्दा ४८ घण्टा अगावै प्रतिनिधिपत्र यस बैंकको शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड कमलांदी, काठमाडौंमा बुझाई सक्नु पर्नेछ ।

८. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी सोको लागि प्रतिनिधिपत्र यस बैंकको शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड कमलादी, काठमाडौंमा बुझाई सकेपछि प्रतिनिधि बदर गरी अर्को प्रतिनिधि दिन चाहेमा सोको सूचना सभा सुरु हुन भन्दा २४ घण्टा अगावै यस बैंकको शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड कमलादी, काठमाडौंमा दिनु पर्नेछ । नयाँ प्रतिनिधि (प्रोक्सी) को हकमा दफा ६ र ७ बमोजिम हुनेछ ।

९. एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको अवस्थामा दफा ८ बमोजिम बदर गरिएकोमा बाहेक त्यस्तो सबै प्रतिनिधि (प्रोक्सी) बदर हुनेछ ।

१०. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्ने शेयरधनीले कुनै कारणवश त्यस्तो प्रतिनिधि (प्रोक्सी) बदर गरी आफैं सभामा उपस्थित भई हाजिरी कितावमा दस्तखत गरेमा अघि दिएको प्रोक्सी स्वतः वदर हुनेछ ।

११. विविध शिर्षक अन्तर्गत प्रश्न गर्न चाहने शेयरधनीले आफुले प्रश्न गर्न चाहेको बिषयका सम्बन्धमा सभा हुनुभन्दा ७ दिन अगावै यस बैंकको केन्द्रीय कार्यालयमा जानकारी दिनु पर्नेछ । त्यसरी जानकारी नदिएको बिषय उपर छलफल गर्न सकिने छैन ।

१२. मिति २०७८/९/४ गते १ दिनका लागि शेयर दाखिल खारेज दर्ता बन्द (बुक क्लोज) गरिनेछ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा २०७८/९/२ गतेसम्म कारोबार भई मिति २०७८/९/११ गतेभित्र यस बैंकको शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड कमलादी, काठमाडौंले प्राप्त गरेको नामसारीको कागजातका आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सभामा भाग लिन र छलफल गर्न पाउने छन् ।

१३. आफ्नो परिचयपत्र सहित बैंकले जारी गरेको प्रवेश-पत्र वा शेयर प्रमाणपत्र वा बैंकको शेयर अभौतिकीकरण गरेको (DEMAT Account no.) प्रमाण प्रस्तुत गरेपछिमात्र सभा कक्ष भित्र प्रवेश गर्न पाइनेछ ।

१४. सभा सम्बन्धी अन्य जानकारीका लागि बैंकको रजिर्ष्टड कार्यालय बबरमहल काठमाडौं वा यस बैंकको शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड कमलादी, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राख्नुहुन वा बैंकको वेवसाइट **www.prabhubank.com** मा हेर्न र डाउनलोड गर्न सकिनेछ ।

Prabhu Bank
Head Office